मर्चवारी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

रायपुर, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

१५ औं गाउँसभामा प्रस्तुत

## आ. व. ०८१/०८२ का लागि गाउँसभामा प्रस्तुत नीति तथा कार्यक्रमहरु

यस गा.पा का उपाध्यक्षज्यू, सभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु लगायत यस गरिमामय सभामा उपस्थित सम्पूर्ण महानुभावहरु........

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाइ विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, दाजुभाई, बुवा, तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट राजनीतिक अग्रगमन र धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दरसमुन्नत र समृद्ध, गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्पसमस्त गाउँपालिका वासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेकालप्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ.व को नीति तथा कार्यक्रमलाई २०८१/०८२ अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृध्द गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।,

गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्नेसुकुम्वासीहरुको वैज्ञानिक व्यवस्थापन गर्नेसफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध शहरीकरण, स्वच्छ, तथा वस्ति विकासलाइ यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

### आर्थिक विकास सम्बन्धि निति तथा कार्यक्रमहरु

- लिचि तथा अन्य फलफुल,च्याउ र फुल खेती को क्षेत्र विस्तार गरिनेछ ।
- कृषकहरुको बालि उत्पादन जस्ता बस्तुहरुको पुर्णरुपमा बृद्धि गर्ने नीति लिईनेछ ।
- व्यवसायीक तरकारी खेती को अवधारणा लिईनेछ ।
- माटो सुधारका कार्यक्रमहरु लिईनेछ ।
- कृषकहरुको बालीमा बिभिन्न किराबाट हुने क्षतिबाट जोगाउने नीति ल्याईनेछ ।

गया प्रसाद थरु
गाउँपालिका अध्यक्ष

CamScanner

- कृषक समुहलाई दिने अनुदानमा वृद्धि गर्दै लगिनेछ ।
- कृषि क्षेत्रको अधुनिकिकरणको लागि कृषि तथा पशु यन्त्रिकरणलाई निरन्तरता दिईनेछ ।
- बेमौसमी तरकारी खेतिको अवधारणालाई अगाडी बढाइनेछ ।
- अर्गानिक तरकारी खेती गर्नेलाई प्रोत्साहन गरिनेछ ।स्थानीय श्रोत साधनको अधिकतम प्रयोग गरी स्थानीय गाउँवासीले रोजगारी पाउने खालका योजना तथा कार्यक्रमलाई प्राथमिकता दिईनेछ । कृषी उत्पादनको लागि कृषी बिउहरु उत्पादन गर्ने व्यवस्था मिलाईनेछ ।
- पशु खोप कार्यक्रम, पशु गोठ व्यवस्थापन, पशु आहारा जस्ता कार्यक्रम पशुपंक्षी विकास शाखाको सहकार्यमा कार्यक्रम संचालन गरिनेछ र यस गाउँपालिका अन्तरगत रहेका मठ मन्दिर तथा पोखरी एवं तालको सुदृढीकरण एवम सौन्दर्यीकरण गरी आन्तिरिक तथा बाह्य पर्यटकको पर्यटकीय केन्द्र स्थापना गरिनेछ।
- ग्रामिण गरिबी निर्मुल पार्न योगदानमा आधारित कृषी विउ वितरण कार्यक्रम सञ्चालनमा ल्याईनेछ।
- प्राङ्गरिक खेतीलाईप्रत्साहन दिइनेछ र माटो सुधारमा विशेष कार्यक्रम अगाडी बढाइनेछ र माटो सुधारमा विशेष ध्यान दिइनेछ ।

## सुशासन प्रवर्धन तथा संस्थागत विकास सम्बन्धि निति तथा कार्यक्रमहरु

- मर्चवारी गाउँपालिका प्रविधीमैत्री गाउँपालिकाको रुपमा पहिचान गराउन डिजिटल गाउँपालिकाको रुपमा विकास गरिने निति लिईनेछ ।
- मर्चवारी गाउपालिका अन्तर्गत रहेको साविक गाउँ विकास समितिका कर्मचारी कल्याण कोषलाई थप व्यवस्थित र प्रभावकारीता ल्याउने निति लिइने छ ।
- मर्चवारी गाउँपालिकाको वित्तिय कारोवारलाई कम्प्युरीकृत गरी थप व्यवस्थित गरिनेछ। वडास्तरवाट संकलन हुने राजश्वलाई पारदर्शी एवं प्रभावकारी बनाउन गाउँपालिकाको केन्द्रिकृत प्रणालीमा आवद्ध गरी थप व्यवस्थित वनाइनेछ ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन कर्मचारीलाई विभिन्न किसिमको तालिमहरुको संचालन गरी उच्च कोटीको प्रविधी अवलम्बन गर्ने नीति लिईनेछ ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षाको प्रभावकारिता कायम गर्न विभिन्न किसिमका जनचेतनामुलक कार्यक्रमहरु गरिने नीति ल्याईनेछ।
- सुशासन पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गराउन गाउँपालिकाले लिएको समग्र नीति र संचालित कार्यक्रम आयोजनाले पारेको सामाजिक प्रभावको लेखाजोखा गर्ने गरी सामाजिक परीक्षण र सवै आयोजना कार्यक्रमहरुमा सार्वजनिक परीक्षण र वडाक्षेत्रगत रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिनेछ।
- आन्तरिक लेखापरीक्षण पद्धतिलाई प्रभावकारी वनाइने छ । वेरुजू हुन नदिने र फछ्र्यौटलाई व्यवस्थित गरिनेछ ।कार्यालयका सवारी साधन र अफिस उपकरणको मितव्ययी ढंगवाट परिचालन गरिनेछ ।
- मर्चवारी गाउँपालिकाको आधिकारिक वेभसाइटको नियमित अपडेट गरी नागरिकलाई प्रवाह गर्ने सेवालाई सूचना प्रविधिमा आधारित वनाउन अभिप्रेरित गरिनेछ ।
- गाउँपालिकाको कार्य प्रणालीलाई सुरक्षित पारदर्शि र व्यवस्थित बनाउन वडा कार्यालयहरुमा समेत क्रमश डिजिटल प्रविधि जडान गरिनेछ ।
- गाउँपालिकाको संस्थागत विकास, तथा सुशासन, जवाफदेहिता तथा पारदर्शिता कायम गर्न आवश्यकतानुसार गाउँपालिकाको ऐन, नियमहरु, कार्यविधीहरु, निर्देशिकाशरु तर्जुमा तथा संसोधन गरी कार्यान्वयनमा ल्याइनेछ

गया प्रसाद हरदे
गाउँपालिका अध्यक्ष

। सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग बढाउदै कार्यालयको रुपमा विकास गर्दै लगिनेछ । गाउँपालिकाबाट जनप्रतिनिधि र कर्मचारीलाई गरिने पत्राचारलाई निरुत्साहित गरी एस.एम.एस. ईमेल तथा बाट्सएप ग्रुप जस्ता प्रणालीलाई प्रभावकारी बनाईनेछ ।

- मर्चवारी गाउँपालिकाको सेवा प्रवाहलाई चुस्त र दुरुस्त रुपमा सेवा प्रवाह गरी गराई सहयोग पुर्याउने राष्ट्रसेवक कर्मचारीहरुले खाई पाई आएको सम्पुर्ण सेवा र सुविधालाई साविक बमोजिम कायम रहनेछ।
- गाउँपालिका क्षेत्र भित्र शान्ति सु व्यवस्था कायम गर्न, सार्वजनिक सम्पतीको संरक्षण तथा रेखदेख गर्न, कुनै पनि किसिमका सम्प्रदायिक घटनालाई निरुत्साहित गर्न, चोरी निकासी तथा अवैध कालो बजारी नियन्त्रण गर्न र आम गाउँवासीहरुको स्वतन्त्रताको हकको सुनिस्चित गर्न प्रहरी सँग समन्वय गरिनेछ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुको आचार संहितको कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ। स्थानीय तहबाट प्रदान गरिने सेवाको गुणस्तरमा सुधार गर्दै प्रक्रिया सरलीकृत गर्ने र सेवामा सर्वसाधारण जनताको पहुँच अभिवृद्धि गर्ने नीति लिइनेछ ।

## वित्तिय व्यवस्थापन तथा सुशासन नीति

- व्यवसाय करको दायरा बढाउने र बढी भन्दा बढी व्यवसायी हरुलाई कर तिर्न प्रोत्साहित गर्न विविध कार्यक्रम सहित कर जागरण कार्यक्रम सञ्चालन गर्नुका साथै राजस्व संकलन कार्यलाई व्यवस्थित गरी वडा कार्यालयहरु बाटै व्यवस्थित कर, शुल्क तथा दस्तुर असुल गर्ने व्यवस्था गरिनेछ ।
- वार्षिक रुपमा व्यवसाय कर असुली कार्यलाई थप प्रभावकारी बनाउन वडा समितिलाई अभिमुखिकरण सहित सशक्त बनाई परिचालन गरिनेछ ।
- चालु आर्थिक वर्षको आषाढ मसान्त सम्म कर नबुझाई बक्यौता कायम हुन आएमा बक्यौता कायम हुन आएको आ.व. बाट पहिलो वर्ष १० प्रतिशत र त्यस पछिका प्रत्येक वर्षमा नियमानुसार विलम्ब जरिवाना समेत जोडी बक्यौता समेत असुल गरिनेछ । तर कार्यालयबाट भएका अन्य सम्झौताको हकमा सम्झौता बमोजिम हुन बाधा पर्ने छैन ।
- करदाता विवरण डिजिटल प्रविधिमा आवद्ध गरी प्रत्येक करदाताको स्मार्ट टयाक्स एकाउन्ट बनाई लागु गरिनेछ । साथै समयमै कर भुक्तानीलाई थप व्यवस्थित बनाउन स्वचालित एस. एम. एस. प्रविधीबाट करदातालाई सुचना उपलब्ध गराईनेछ ।
- यस गाउँपालिका क्षेत्र भित्रका कुनै व्यक्ति वा संस्थाले भवन, जग्गा, गोदाम सेड आदि आशिंक वा पुर्ण रुपमा वहालमा लगाएका धनीसंग निजले वहालमा लगाएको अंक रकमको १० प्रतिशतका दरले सम्बन्धित धनीसँग वहालकर लिइनेछ ।
- एकीकृत सम्पत्ती कर, व्यवसाय कर, घर बहाल कर, वहाल बिटौरी कर, मनोरञ्जन कर आदिलाई पारदर्शी र प्रभावकारी बनाउन आवश्यकता अनुसार कार्यविधी, निर्देशिका बनाई व्यवस्थित गरिनेछ ।
- कुनै पनि योजना सम्झौता गर्नु अगावै उपभोक्ता समितिका पदाधिकारीहरुले आफुले बुझाउनु पर्ने एकीकृत सम्पत्ती कर, व्यवसाय कर, घर वहाल कर लगायत भुक्तान गर्नु पर्ने रकम अनिवार्य हुनेछ । सो योजनाबाट लाभान्वित हुने उपभोक्ताहरुलाई त्यस्ता कर तिर्न प्रोत्साहित गरिनेछ ।
- श्रोत परिचालन र व्यवस्थापनमा मर्चवारी गाउँपालिकालाई सक्षम र आत्मनिर्भर बनाउन, प्रचलित कानुन वमोजिम लगाउन सकिने सवै स्रोतहरुको वास्तविक पहिचान, विश्लेषण, प्रक्षेपण समतामुलक, प्रगतिशिल र न्याय पुर्ण बनाई राजस्वको दायरालाई अधिकतम रुपमा फराकिलो पारिनेछ ।

गया प्रसाद
गाउँपालिका अध्यक्ष

CamScanner

- गाउँपालिकाबाट सञ्चालित आयोजनाहरुको अपनत्व, संरक्षण तथा विकास निर्माणमा जनसहभागीता भन्ने मुल नाराका साथ अनिवार्य लगत सहभागिताको व्यवस्था गरिनेछ ।

## सामाजिक विकास सम्बन्धी नीति

- पोषण मैत्री स्वास्थ्य संस्था घोषणाकालागि सम्पूर्ण प्रकृया अपनाई पोषण मैत्री स्वास्थ्य संस्था सुनुश्चित गरिनेछ ।
- पुर्ण संस्थागत सुत्केरी र उत्तर प्रसुति जाँच सुनिश्चित गर्नका लागि नियमित कार्यान्वयन गरिनेछ ।
- नि:शुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिईनेछ ।
- नव दम्पतीहरुलाई फोलिक एसिड वितरण गरिनेछ ।
- गर्भवती महिलाहरुलाई पोषण अवस्थामा सुधार ल्याउनका लागि क्यल्सियम चक्की वितरण गरिनेछ ।
- एकल तथा दलित महिलाहरुको हित प्रवद्धन गर्ने, सीप विकास र आय आर्जन गर्ने कार्यक्रम संचालन गर्न प्राथमिकता दिइनेछ ।महिला बालबालिका तथा अन्य लक्षित वर्गलाई प्रत्यक्ष फाइदा पुग्ने खालका आयोजनाहरुलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ ।सामाजिक कुरीतिको रुपमा रहेको वालविवाह, वहुविवाह, रुढीवाद, अन्ध विश्वास एवं भ्रमहरु हटाउन सामाजिक परिचालन मार्फत सचेतीकरण गरिनेछ ।
- सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरुलाई यस गाउँपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरुमा सम्पुर्ण उपचारहरु निशुल्क उपलब्ध गराईनेछ ।ज्येष्ठ नागरिकहरुको उच्च रक्तचाप, क्यान्सर, मधुमेह जस्ता स्वास्थ्य परीक्षण शिविर र सहायता सामग्री वितरण कार्यक्रमहरु क्षेत्रगत रुपमा संचालन गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता पायक पर्ने नजिकको वैंक मार्फत् सम्बन्धित वडा कार्यालयको व्यवस्थापनमा वितरण गरी प्रभावकारी वनाइनेछ ।
- परम्परागत पेशा, सीप र प्रविधिमा आधारित व्यवसायलाई समावेशीकरण र आधुनिकीकरण गर्न प्रोत्साहन गरिनेछ। यौनिक लैगिंक अल्पसंख्यकहरुको मूलप्रवाहीकरणका लागि क्षमता अभिवृद्धि र आय आर्जनमा सहकार्य गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- दुर्व्यसनमा फसेका युवाहरुलाई लक्षित गरी लागु पदार्थ दुर्व्यसन, एच.आइ.भि.एड्स नियन्त्रण गर्न समुदाय तहमा सचेतीकरण कार्यक्रम संचालन गरिनेछ । दुर्व्यसनमुक्त समाज निर्माणका लागि सकारात्मक सोंच सम्वन्धी तालिम सडक नाटकमार्फत स्वरोजगार र आत्मनिर्भरता तर्फ अग्रसर गराइनेछ । समुदाय तहमा संचालन गरिने पुनस्थापना कार्यक्रममा सहकार्य गरिनेछ।
- २०८१ सम्म सम्पुर्ण गाउपालिका वासीलाई शुद्ध खानेपानीको सुविधा उपलब्ध गराउन पहल गरिनेछ। त्यसका लागि यस वर्ष जग्गाको पहिचान गरी कम्तीमा एउटा वडामा वोरिङ्ग जडान गर्न रकम विनियोजन गरिनेछ ।
- छोरा वा छोरी दुवै बरावरी भन्ने मुल नारालाई यस गाउँपालिका अन्तर्गत सार्थक बनाउनको निम्ति गरिएको वालिका विमा कार्यक्रम लागु गरिनेछ ।
- मर्चवारी माईको दर्शन गरौं भन्ने अभियानका साथ मर्चवारी गाउँपालिका क्षेत्रमा पर्यटनको बिबिधिकरण व्यवसायिकरण र विस्तारमा जोड दिइनेछ ।
- सामुदायिक विद्यालयका सवै शिक्षक शिक्षिकाहरुले विद्यालयमा अनिवार्य रुपमा पोशाक लगाएको हुनुपर्नेछ।
- अभिभावक शिक्षामा जोड दिईनेछ ।

गया प्रसाद यादव
गाउँपालिका अध्यक्ष

CamScanner

- बिद्यार्थी भर्ना दरमा बृद्धि गरिनेछ ।
- शिक्षा योजना निर्माण गरि सो अनुसार कार्य गरिनेछ ।
- शिक्षकहरुको पेशागत बिकासका लागि तालिमहरु सञ्चालन गरिनेछ ।

## पूर्वाधार तथा भौतिक विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु-

- बिपन्न नागरिकका लागि जनता आवास निर्माण कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन गर्दा लागत सहभागितालाई अनिवार्य गरिनेछ।
- राष्ट्रिय भवन संहिताको प्रभावकारी कार्यान्वयनमा जोडदिने र निर्माण क्षेत्रसंग सम्बद्ध श्रमिकहरुका लागि विमा गर्ने नीति लिइनेछ ।
- आ.ब २०८१।०८२ मा मर्चवारी गाउँपालिकाको आफ्नै प्रशासकीय भवन निर्माण कार्य अगाडि बढाइनेछ
- हाम्रो सडक, हाम्रो सहभागिता, स्तरीय सडक, हाम्रो प्रतिबद्धता अनुरुप गाउँपालिका क्षेत्रभित्रका कच्ची सडकलाई कल्भर्ट, ह्युमपाइप सहित पिच सडकमा स्तरोन्नति गरिनेछ। साथै कालो पत्रे सडकमा भएका खाल्डा खुल्डीहरुलाई मर्मत गरी सुधार गरिनेछ। निमार्णाधिन अवस्थामा रहेको क्रमागत अधुरो आयोजनाका लागि रकम विनियोजन गरिनेछ ।
- यस गाउँपालिका अन्तर्गत रहेका भौतिक संरचनाहरु जस्तै धर्मशाला, मन्दिर आदि र नयाँ संरचना तयार हुने आयोजनाको दिर्घकालिन संरक्षण एवम संवद्धनको लागि उपभोक्ता समिति बनाई हस्तान्तरण गरी आयोजना सञ्चालन गरिनेछ ।
- ठूला आयोजनाहरुको सम्भाव्यता अध्ययन तथा डि पि आर गरी सामाजिक, आर्थिक र वातावरणीय दृष्टिकोणबाट सम्भाव्य आयोजनाहरुको कार्यान्वयनमा जोड दिईने छ । अधुरा तथा क्रमागत आयोजनाहरुलाई प्राथमिकता दिई सम्पन्न गर्दै लगिनेछ ।
- भौतिक पूर्वाधार तथा संरचनाहरुको गुणस्तर कायम गर्ने कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समिति र अनुगमन समितिलाई थप प्रभावकारी बनाइनेछ ।
- उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाहरु निर्माण सम्पन्न भई फरफारक भएपछि दीर्घकालसम्म आयोजनाको सञ्चालन, व्यवस्थापन र मर्मत सम्भारमा स्वयं उपभोक्ताहरुलाई नै जिम्मेवार बनाउने नीति लिइनेछ। साथै स–साना मर्मत संभारकालागि वडा स्तरमा मर्मत संभार कोष स्थापना गरिनेछ। वडा वडामा छुट्टयाईएको मर्मत संभार कोषलाई परिचालन गर्न निर्देशिका बनाई लागू गरिनेछ ।
- पिच, नाली, हरियाली, विद्युतिकरण, पार्किङ्ग सहितको नमूना सडकलाई बजेटमा प्राथमिकता दिईनेछ। वडाहरुवाट प्राप्त सम्पुर्ण योजनाहरुको प्रोजेक्ट बैंक बनाइ कार्यान्वयन गरिनेछ।
- पूर्वाधार निर्माण गर्दा महिलामैत्री, वालमैत्री, अपाङ्गमैत्री तथा वातावरण मैत्री हुने नीति लिइनेछ ।
- गाउपालिका केन्द्र तथा वडा कार्यालय सम्म आउने जाने बाटोलाइ स्तरोन्नती गरी आवश्यकता अनुसार कालो पत्रे बाटोको रुपमा बिकास गरिनेछ ।
- खरिद गरी वितरण गरिने प्रकृतीका आयोजना संचालन गर्दा अनिवार्य सार्वजनिक खरिद ऐन तथा नियमावलीको पूर्ण रुपमा कार्वान्वयन गरिनेछ साथै यस्ता प्रकृतीका योजना संचालन उपभोक्ता समिति मार्फत गरिने छैन।

## वातावरण तथा विपत व्यवस्थापन सम्बन्धि निति तथा कार्यक्रमहरु

गया प्रसाद यादव
गाउँपालिका अध्यक्ष

- ऐतिहासिक पोखरीहरु तथा कुवा, इनार संरक्षण गरिनेछ।
- यस मर्चवारी गाउँपालिकामा रहेको आकस्मित विपत व्यवस्थापन कोषको व्यवस्था गरि विपत राहत वितरण गरी अभिभावकत्वको भुमिका निर्वाह गरिनेछ ।
- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना र जोखिम न्यूनिकरण तयारीको कार्य गरिनेछ । विपद् न्यूनिकरणका लागि पूर्व सूचना प्रणाली सम्वन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ ।
- सडक, नाली, सार्वजनिक र खुल्ला स्थानमा फोहर फाल्नेलाई कार्वाही गरिनेछ । सो को प्रभावकारी अनुगमन व्यवस्था मिलाइनेछ। सरसफाई र फोहर व्यवस्थापनलाई व्यवस्थित वनाउन वडास्तरमा फोहोर व्यवस्थापन तथा अनुगमन समिति गठन गरी प्रभावकारी रुपमा परिचालन गर्ने नीति लिइनेछ
- सार्वजनिक जग्गाको संरक्षण वडा समिति र समुदायको सहभागितामा गरिनेछ ।
- बाढी पिडित, आगलागी पीडतलाई राहत सामाग्री उपलव्ध गराईनेछ ।
- आगलागिवाट क्षतिकम गर्न एम्वुलेन्स व्यवस्थापन गरिनेछ ।
- आकास्मित विपत न्यूनिकरण सम्वन्धी जनचेतनामूलक कार्यक्रम गरिनेछ ।

गया प्रसाद ...
गाउँपालिका अध्यक्ष